मिति २०७८।०४।३२ गते

१. प्रदेश नं. १ मा रहेका सबै प्रादेशिक निकायहरूले आ-आफ्नो वेभ पेज अद्यावधिक गर्ने/गराउने। वेभ पेजमा राख्नुपर्ने सम्पूर्ण सूचना एवं विवरण राखे नराखेको, त्यसरी सूचना एवं विवरण वेभ पेजमा राख्दा शुद्धाशुद्धिमा ध्यान दिए नदिएको र नियमित रूपमा वेभपेज अपडेट भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय/आयोगका सचिवले जानकारी लिई निरन्तर रूपमा वेभ पेज अद्यावधिक गर्ने/गराउने,

२. माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सभामा प्रस्तुत गर्नुभएको चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्यमा रहेका नीति तथा कार्यक्रम एवं आ-आफ्नो मन्त्रालय वा आयोग र अन्तर्गतका कार्यालयको लागि वार्षिक विनियोजनमा समावेश भएका तथा नभएका सबै कार्यक्रम कार्यान्वयनका सम्बन्धमा हालसम्म भए गरेको प्रगतिका बारेमा आगामी सचिव बैठकमा जानकारी गराउने,

३. आगामी सचिव बैठकमा यस अगाडि विभिन्न मितिमा भएका सचिव बैठकका निर्णयको कार्यान्वयन अवस्थाको समीक्षा गर्ने।